सूचना सूचना सूचना

# लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर

## प्रशासन शाखा

## विषयः- सन् २०१६ मा नेपालका विभिन्न हिमालहरुको आरोहणमा सम्पर्क अधिकृत मनोनयन गर्ने बारे ।

संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको च.नं.३१२१ मिति २०७२।११।१० को पत्र अनुसार यस आयोग र मातहतका कार्यालयहरुमा कार्यरत रही सन् २०१६ मा हिमाल आरोहण दलको सम्पर्क अधिकृतको रुपमा खटिई जान इच्छुक तथा योग्य कर्मचारीहरुले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र तपसिल अनुसार आफ्नो कागजात सहित आयोगको केन्द्रीय कार्यालयको प्रशासन शाखामा निवदेन दिनु हुन अनुरोध छ ।

**तपसिल**

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
पर्यटन बिभाग

www.tourism.gov.np
Email: info@tourismdepartmept.gov.np
फ्याक्स नं.:- ४२२७२८१
फोन नं.:- ४२५६२२८,४२५६२३२,४२५६२३१
महानिर्देशक :- ४२४७०३७
पर्यटक प्रहरी : ४२४७०४१
भृकुटीमण्डप, काठमाडौं

पत्र संख्या : पर्वतारोहण /०७२।०७३
च.नं :- ३१२१

३२८९
११/१४

मिति :- २०७२।११।१०

श्री लोकसेवा आयोग,
अनामनगर ।

विषय :- सिफारिस सहित नामावली पठाईदिने सम्बन्धमा ।

यस विभाग बाट सन् २०१६ मा नेपालका विभिन्न हिमालहरुको आरोहण गर्न अनुमति लिने पर्वतारोही दलका साथ खटाईने सम्पर्क अधिकृतका लागि तहाँ मन्त्रालय/आयोग/अदालत/सचिवालय/कार्यालय वा अर्न्तगत कार्यरत कर्मचारीहरु मध्ये बाट देहायबमोजिमका योग्यता पुगेको १ जना कर्मचारीको नाम सिफारिस गरी ३० (तीस) दिनभित्र यस विभागमा आईपुग्ने गरी पठाईदिनु हुन मिति २०७२।१०।१५ को निर्णयानुसार अनुरोध छ ।

१) **यो पत्रलाई तहाँको सुचनापाटी र वेभसाइटमा राखी इच्छुक कर्मचारीहरुको निवेदन संकलन गरी सिफारिस गर्नुहुन अनुरोध छ ।**
२) पहिले सम्पर्क अधिकृत भई जाने मौका नपाएकोलाई प्राथमिकता दिन अनुरोध छ र **एक पटक पनि मौका नपाएका कर्मचारी हुँदा हुदै पहिले मौका पाइसकेकालाई सिफारिस भएमा त्यस्तो सिफारिसको आधारमा सम्पर्क अधिकृत खटाई पठाउन यस बिभाग बाध्य हुने छैन ।**
३) सम्पर्क अधिकृतमा खटिने कर्मचारीको योग्यता :
- निजामती सेवाका राजपत्र अनंकित प्रथम श्रेणी वा सो भन्दा माथिल्लो श्रेणीका कर्मचारी ।
- पर्वतारोहण सम्बन्धी आधारभूत प्रशिक्षण (सम्पर्क अधिकृत अनुस्थापन तालिम) प्राप्त गरेको
- स्नातकोपाधि हासिल गरेको (ट्रान्सकिप्टको प्रतिलिपी संलग्न गरी पठाउनु पर्ने) हुनुपर्नेछ ।

४) महिला, आदीवासी जनजाती, मधेशी, दलित र पिछडिएको क्षेत्रका कर्मचारी लाई प्राथमिकता दिने ।
५) उचाइमा जान शारिरीक रुपले सक्षम रहेको (ब्लड प्रेसर, दम, सुगर इत्यादीको समस्या नरहेको ) ।

उपरोक्त सिफारिस भई आएका कर्मचारीहरलाई पर्वतारोही दलको पर्याप्तताको आधारमा क्रमशः सन् २०१६ मा सम्पर्क अधिकृतका रुपमा खटाईने हुँदा सिफारिस भई आएका सबै कर्मचारीलाई खटाई पठाउन नसकिने संभावना रहेको व्यहोरा समेत अनुरोध छ ।

| सि.नं | पद | नामथर | कार्यरत कार्यालय | तालिम लिएको मिति | सम्पर्क नं (मोबाईल नं र कार्यालयको नं) |
|---|---|---|---|---|---|
| | | | | | |

२०७२।११।१०

(जीवन प्रसाद आचार्य)
शाखा अधिकृत